दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २५४ | बुटवल | २०८२ भदौं २४ गते, मंगलबार | नेपाल संवत ११४५ | Tuesday September 09, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# जेनजी प्रदर्शनमा सरकारको चरम दमन
# १९ जनाको मृत्यु, साढे ३ सय जना घाइते

**२०४६ साल र २०६२/०६३ को लामो जनआन्दोलनमा पनि एकै दिन यति धेरै मानवीय क्षति भएको थिएन। प्रहरीले अस्पतालको आकस्मिक कक्षमै पुगेर अश्रु ग्यास प्रहारदेखि कुटपिट समेत गरेको थियो।**





**लुम्बिनी संवाददाता**

*बुटवल*

२८ वर्षमुनिका युवा-विद्यार्थी (जेनजी) को काठमाडौं केन्द्रित प्रदर्शनमा प्रहरीको गोली लागेर काठमाडौं र इटहरीमा गरेर मृत्यु हुनेको संख्या १९ पुगेको छ। प्रहरीको दमनमा परेर साढे तीन सय जना घाइते भएका छन्। सबै मृतकहरूको परिचय खुलेको छैन। मृत्यु हुनेमा स्कुले बालबालिका, कलेजका विद्यार्थीहरू पनि छन्।

यसअघि २०४६ साल र २०६२/०६३ को जनआन्दोलनमा पनि प्रहरीको गोली लागेर एकै दिन यति धेरै मानवीय क्षति भएको थिएन। यो समाचार तयार गर्दासम्म काठमाडौंका विभिन्न अस्पतालमा १७ जनाको र इटहरीमा २ जनाको मृत्यु भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशभरका विभिन्न अस्पतालबाट लिएको विवरणअनुसार काठमाडौंको सिभिल अस्पतालमा ३, राष्ट्रिय ट्रमा सेन्टरमा ८, एभरेष्ट अस्पतालमा ३, केएमसी अस्पतालमा २, त्रिवि शिक्षण अस्पतालमा १, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा २ जनाको मृत्यु भएको छ।

देशभर भएको प्रदर्शनमा युवा विद्यार्थीले सामाजिक सञ्जाल बन्द गराएको र भ्रष्टाचार बढेको भन्दै सरकार र विशेषगरी प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध बढी नारा लगाएका थिए। प्रधानमन्त्रीको नामै लिएर उनको पाराले दुःख पाए साराले भन्दै आक्रोश व्यक्त गरेका थिए। युवा विद्यार्थीले जनताले तिरेको करको सही सदुपयोग नभएको, नेताका छोराछोरीको विलासी जीवनशैली, बजेटको दुरुपयोगलगायतका विषय उठाएका थिए। काठमाडौंमा संसद भवनभित्रै पसेर प्रदर्शन गरेपछि स्थितिले उग्ररुप लिएको थियो।

राष्ट्रिय ट्रमा सेन्टरमा ८ जनाको मृत्यु भएको मध्ये ५ जनाको सनाखत भएको छ। ट्रमा सेन्टरका अनुसार ग्लोबल कलेजमा अध्ययनरत १९ वर्षीय श्रीयाम चौलागाईं, बाँकेका २१ वर्षीय सुलभराज श्रेष्ठ, कीर्तिपुरका ४२ वर्षीय बुद्धि तामाङ, अन्दाजी २८/२९ वर्षीय गौरव जोशी र अन्दाजी २८/२९ वर्षकै स्टप अधिकारीको मृत्यु भएको छ।

काठमाडौंका विभिन्न अस्पतालमा घाइतेको उपचार भइरहेको छ। घाइते मध्ये केहीको अवस्था गम्भीर रहेकाले मृतकको संख्या बढ्न सक्ने देखिन्छ। ट्रमा सेन्टरमा ५० जना घाइतेको उपचार भइरहेको छ। ४ जना घाइतेको स्वास्थ्य अवस्था गम्भीर रहेको अस्पतालले जनाएको छ।

प्रहरीको जत्थाले निजामती कर्मचारी अस्पतालमा पसेर कुटपिट गरेको गुनासो प्रदर्शनकारी र घाइतेका आफन्तहरूले गरेका छन्। सय जना भन्दा बढीको उपचार भइरहेको उक्त अस्पतालमा घाइते र मृतकका आफन्तहरू जम्मा भएको देखेर प्रहरीले अस्पतालभित्रै प्रवेश गरेर पिट्न थालेको हो। अस्पताल क्षेत्रमा प्रहरीले अश्रुग्यास पनि प्रहार गरेको थियो। अस्पतालको आकस्मिक कक्षसम्मै पुग्ने गरी अश्रुग्यास प्रहार भएपछि स्वास्थ्यकर्मीहरूले आपत्ति जनाएका थिए।

सिभिल अस्पतालमा प्रहरीको चरम दमनपछि घाइते सम्हाल्न मुस्किल भएको भन्दै अस्पतालले युद्ध अपराधको संज्ञा दिएको छ।

» बाँकी ३ पेजमा

## छानबिन समिति बनाउने निर्णय

बुटवल । जेनजीहरूले सोमबार गरेको प्रदर्शनले हिंसात्मक रुप लिएपछि घटेको घटनाबारे सरकारले छानबिन समिति बनाउने निर्णय गरेको छ।

सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले छानबिन समिति बनाउने निर्णय गरेको एक मन्त्रीले जानकारी दिए।

उनका अनुसार, समितिले १५ दिनभित्र घटनाको छानबिन गरे सरकारलाई प्रतिवेदन बुझाउने टिओआर तय भएको छ।

## गृहमन्त्री राजीना दिन बाध्य

बुटवल । सोमबार जेनजीको प्रदर्शनमा काठमाडौंमा १७ र इटहरीमा २ जनाको मृत्यु र ३ सयभन्दा बढी घाइते भएपछि चौतर्फी ओलोचनाको घेरामा परेका गृहमन्त्री रमेश लेखकले बाध्य भएर राजीनामा दिएका छन्। उनले सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकमा आफ्नो राजीनामा प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष बुझाएको एक मन्त्रीले जानकारी दिए।

» बाँकी ३ पेजमा

## नागरिकको प्रजातान्त्रिक अधिकार सुनिश्चित गर : राष्ट्रसंघ

बुटवल। संयुक्त राष्ट्रसंघले नेपालमा नागरिकले प्रजातान्त्रिक अधिकारको अभ्यास गर्ने कुरालाई सुनिश्चित गर्न आग्रह गरेको छ। संयुक्त राष्ट्रसंघकी नेपाल आवासीय संयोजक हना सिंगर-ह्याम्डीले सामाजिक सञ्जाल एक्समार्फत यस्तो आग्रह गरेकी हुन्। 'नागरिकहरूले सुरक्षित र शान्तिपूर्ण रूपमा आफ्नो प्रजातान्त्रिक अधिकारको प्रयोग गर्न सक्ने कुरा सुनिश्चित गर्दै अधिकतम संयम र सावधानी अपनाउन म सबै पक्षलाई आग्रह गर्दछु,'

» बाँकी ३ पेजमा

## सरकारको औचित्य सकियो : माओवादी

बुटवल। प्रमुख प्रतिपक्षी दल माओवादीले जेनजीको आन्दोलनमा दमन गर्दा डेढ दर्जन युवाहरुको मृत्यु र दुई सयभन्दा बढी घाइते भएको घटना गम्भीर भन्दै सरकारको औचित्य सकिएको बताएको छ।

गोरखाको आरुघाटमा मध्यपहाडी राजमार्ग अभियान स्थगित गरी आकस्मिक रूपमा पदाधिकारी बैठक बसी माओवादीले सरकारको औचित्यमाथि प्रश्न उठाएको हो।

» बाँकी ३ पेजमा

## प्रधानमन्त्रीको राजीनामा र चुनाव : रास्वपा

बुटवल । रास्वपाले प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा माग गर्दै ताजा जनादेश(अर्ली इलेक्सन) को माग गरेको छ। महामन्त्री कवीन्द्र बुर्लाकोटीले विज्ञप्ति जारी गर्दै सोमबार जेनजीको प्रदर्शनमा सरकारले गरेको दमनको भर्त्सना गरेको छ।

वर्तमान सरकारको औचित्य पूर्णरूपमा समाप्त भएको उल्लेख गर्दै महामन्त्री बुर्लाकोटीले भनेका छन्-'वर्तमान सरकारको औचित्य पूर्णतः

» बाँकी ३ पेजमा

## जेन जी प्रदर्शनमा भएका घटना दुखद् : एमाले

बुटवल । नेकपा एमालेले जेनजीहरुको प्रदर्शनका क्रममा भएको घटनालाई हृदयविदारक र दुखद् भनेको छ।

'हाम्रो पार्टीले सोमबारको घटना हृदयविदारक र दुखद् भएको निष्कर्ष निकालेको छ,' प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले भने-'घटनामा मृत्यु हुनेहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरुका परिवारजनमा गहिरो संवेदना व्यक्त गर्दछौं।'

» बाँकी ३ पेजमा

# लुम्बिनी विकास कोष र लुम्बिनी केबलकारबिच सम्झौता



बुटवल। लुम्बिनी विकास कोष र लुम्बिनी केबलकार लि. बीच पर्यटन प्रवर्धनका लागि सम्झौता भएको छ।

सम्झौता पत्रमा लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्य र लुम्बिनी केबलकारका अपरेसन म्यानेजसर डिएन कायस्थले हस्ताक्षर गरेका छन्।

सम्झौताअनुसार लुम्बिनी भ्रमणमा आउने स्वदेशी तथा विदेशी अति विशिष्ट पाहुना (भीभीआइपी) लाई लुम्बिनी केबलकार यात्रामार्फत् बसन्तपुर हिल स्टेशन भ्रमण र कामाख्या मन्दिरको दर्शन गराउने भएको छ। यस्तै लुम्बिनी विकास कोषका पदाधिकारी, कर्मचारी र लुम्बिनी घुम्न आएका पर्यटकलाई केबलकारको टिकट दरमा २० प्रतिशत छुट दिने सम्झौता भएको छ। छुट सुविधाका लागि पदाधिकारी र कर्मचारीले अद्यावधिक परिचयपत्र तथा पर्यटकले लुम्बिनी भ्रमणका लागि काटेको टिकट देखाउनुपर्ने छ। हाल केबलकारको टिकट दर रु ७५० प्रतिव्यक्ति रहेको छ।

सो अवसरमा बोल्दै लुम्बिनी विकास कोषका सदस्य सचिव शाक्यले लुम्बिनी केबलकारसँगको सम्झौताले दुबै ठाउँको पर्यटन प्रवर्धनमा सकारात्मक भूमिका खेल्ने बताए। उनले लुम्बिनी भ्रमणमा आउने स्वदेशी र विदेशी पर्यटकको बसाई लम्ब्याउन लुम्बिनी केबलकार हुँदै बसन्तपुर यात्रा गराउन आवश्यक रहेको बताए। बसन्तपुरको मौसम तराईभन्दा १० डिग्री कम हुने भएकाले भारतीयसँगै बौद्धमार्गी तेस्रो मुलुकका पर्यटकलाई सजिलै आकर्षण गर्न सकिने उनले जनाए। शाक्यले श्रीलंका र म्यानमारलगायत बौद्धमार्गी बाहुल्य राष्ट्रका ट्राभल एजेन्सीसँग सहकार्य गरेमा केबलकारमा विदेशी पर्यटक भित्राउन सकिने सुझाव दिए।

लुम्बिनी विकास कोषका वरिष्ठ प्रशासन प्रमुख ज्ञानिन राईले लुम्बिनी केबलकारको टप स्टेसन बसन्तपुर ध्यान केन्द्रका लागि पनि उपयुक्त रहेकाले बनाउन पहल गर्नुपर्ने सुझाव दिए।

केबलकारका अप्रेसन म्यानेजर डिएन कायस्थले लुम्बिनी विकास कोषसँग सम्झौता हुनु गौरवको विषय भएको उल्लेख गर्दै यसले अत्याधुनिक प्रविधिको सुरक्षित केबलकार यात्रा र बसन्तपुर हिल स्टेशन भ्रमणमा पर्यटक आगमन वृद्धि गर्न महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गरे।

केबलकारले अन्य व्यवसायिक, शैक्षिक र अन्य संघसंस्थासँग पनि सम्झौता गरेर व्यवसाय प्रवर्धन गर्दै आएको बताए। विश्वमै सबैभन्दा अत्याधुनिक, लोकप्रिय र सुरक्षित प्रविधिको केबलकार भएको र टप स्टेशन समुद्री सतहबाट एक हजार मिटर उचाइको बसन्तपुरको स्वच्छ, शान्त र शितल वातावरणमा रहेकाले हरेक वर्ष पर्यटक आगमन वृद्धि भएको कायस्थले बताए।

लुम्बिनी केबलकार अष्ट्रियाको डुपलमायर कम्पनीबाट निर्मित युरोपियन प्रविधिको हो। २५ वटा गोण्डुला रहेको लुम्बिनी केबलकारले एक दिनमा ६ हजार जनालाई आवतजावत गराउन सक्छ।

सम्झौतापत्रमा हस्ताक्षर कार्यक्रममा केबलकारका म्यानेजर प्रज्ज्वल घिमिरे, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाका प्रमुख स्वकीय सचिव श्याम रोकालगायतको पनि उपस्थिति थियो। सम्झौताले पर्यटन प्रवर्धन र आपसी सहकार्य निरन्तर मजबुद हुँदै जाने दुबै संस्थाले विश्वास व्यक्त गरेका छन्।

केबलकारको टप स्टेशन पाल्पाको बसन्तपुर डाँडामा छ। जुन ठाउँ प्राकृतिक हिसाबले स्वच्छ, शान्त हरियालीयुक्त र मनोरम छ। गर्मीमा शीतल र जाडोमा घाम लाग्ने हुँदा जुनसुकै मौसममा घुमेर आनन्द लिन सकिने माहोल बसन्तपुरमा छ। त्यहाँ प्रख्यात शक्तिपीठ कामाख्या मन्दिर, सय वर्ष पुरानो दुर्गा मन्दिर, स्तरीय रेष्टुरेण्ट, सेमिनार हल, जीपलाइन, स्काइ साइक्लिङ, पिङ, सेमिनार हल लगायत पर्यटकीय पूर्वाधार छन्।

शुद्धोधन गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं
- पानी उमालेर मात्र पिउने गरौं
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं
- सबैखालका विभेदको अन्त्य गरौं
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं

अनुरोधक :
शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लवनी, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# संयमित बन

सामाजिक सञ्जाल बन्दको विरोधमा जेनजीसमूहले गरेको आन्दोलन हिंसात्मक बन्दा दुई दर्जनको ज्यान गएको छ । डेढ सय घाइते भएका छन् । प्रहरीको गोली लागेर भएको यो मानवीय क्षति हेर्दा आन्दोलन नियन्त्रणमा लिन राजसत्ताले गरेको चरम दमन हो । आन्दोलनमा घुसपैठ हुनसक्छ र आन्दोलन अराजक बन्न सक्छ भन्ने आँकलन नगर्ने र आन्दोलनकारी निषेधित क्षेत्र तोड्ने र संसद भवन छिरेर प्रदर्शन गर्नथालेपछि अनियन्त्रित ढंगले प्रहरीले गोली चलाएको देखिन्छ, प्रहरीको पूर्व तयारी कमजोर हुँदा नै हो, संसद भवनमा भएको क्षति र मानवीय क्षति ।

आन्दोलन शान्तिपूर्ण हुन्छ भनेर आन्दोलनकारीले भनेका छन् भनेर विश्वास पर्ने र गुप्तचरी संयन्त्रलाई चुस्त नबनाउने प्रवृत्ति यसपल्ट पनि देखियो । चैत १५ गतेको आन्दोलनमा भएका कमजोरीबाट पाठ पटक्कै सिकेको देखिएन् । प्रहरी संयन्त्रको सर्तकता जुन हदसम्म हुनुपर्दथ्यो त्यो हुन सकेन् । जेनजी पुस्ताले शान्तिपूर्ण आन्दोलनको तयारी गरिरहँदा आफूलाई कसैले दुरुपयोग गर्न सक्छ भन्ने हेक्का पनि पटक्कै भएन् ।

सरकारले सामाजिक सञ्जाल नियोजित रुपमा बन्द गर्न खोजेको थिएन् । सामाजिक सञ्जाललाई नियमन गर्न खोजेको थियो । सूचीकृत गर्दै क्रमशः कानुनी दायरामा ल्याउनु उसको दायित्व हो । सामाजिक सञ्जाल कानुनी दायराबाट बाहिर रहँदा मुलुकलाई मूलतः दुई नोक्सानी थिए । पहिलो सामाजिक सञ्जालको प्रयोग गरी कुनै अपराध भए अपराधीलाई कानुनी दायरामा ल्याउन कठिन थियो । दोस्रो सामाजिक सञ्जालमार्फत् हुने कारोबार करको दायरामा आएका थिएनन् । यी दुई नोक्सानीबाट मुलुकलाई बचाउन कानुनी दायरामा ल्याउन राज्यले लामो समयदेखि प्रयत्न गर्दै आएको हो । तर कतिपय सामाजिक सञ्जालबाहेक धेरैले अटेर गर्दै आएका थिए । गत वर्ष टिकटक बन्द भयो । टिकटक सूचीकृत भएपछि चलेको हो । कोही सूचीकृत हुनुपर्ने कोही नभए पनि हुने यस्तो प्रवृत्तिले मुलुकमा अराजकता निम्त्याउँछ । सामाजिक सञ्जाल नियमनमा जाँदा फाइदा हुने देश, समाज र व्यक्तिलाई नै फाइदा हो । समाजका कतिपय अगुवा नै यो विषय बुझ्दा बुझ्दै बुझ पचाए वा बुझेनन् । अहिलेको जेनजी पुस्तालाई सम्झाउने प्रयास गर्नुको साटो आन्दोलनलाई साथ दिए । जेनजी पुस्ता सामाजिक सञ्जाल प्रयोग गरी अर्थोपार्जनमा लागेको थियो । विरोध गर्ने माध्यम बनाएको थियो । सञ्जाल बन्द हुँदा दुवै रोकिंदा आक्रोश हुनु स्वाभाविकै हो । त्यो आक्रोशलाई संयमतासाथ मत्थर पारी सञ्जाललाई नियमन गर्न राज्यलाई सघाउनुपर्नेमा आक्रोशमा तेल थप्ने काम भयो । अन्ततः राज्यलाई घाटा भएको छ ।

आन्दोलनकारीको माग सम्मान गर्दै अब तत्काल बन्द सामाजिक सञ्जाल खोल्नुको विकल्प छैन । राज्य संयमित हुन आवश्यक छ । घाइतेको निःशुल्क र उचित उपचारमा कुनै कमजोरी हुनुहुन्न । मृतकका परिवारलाई क्षतिपूर्ति दिनुपर्छ । घटनामा जुन दमन भयो, त्यो कसरी किन भयो ? त्यसबारेमा छानबिन भयो भने आगामी दिनमा यस्ता कमजोरी हुन रोकिनसक्छ ।

## सामाजिक सञ्जाल प्रतिबन्धः

# प्रविधिमा पछाडि धकेल्ने सरकारी कदम



गणेश अम्गाई

औजारको रूपमा प्रयोग गरिरहेका छन्, त्यहाँ नेपालले भने यसलाई बन्द गर्ने निर्णय लिएको छ । यो कदमले देशलाई डिजिटल विश्वबाट एक्ल्याउने जोखिम बढेको छ । सामाजिक सञ्जालमा हुने दुरुपयोगलाई नियन्त्रण गर्न आवश्यक छ, तर त्यसका लागि सञ्चारको मूल माध्यमलाई नै प्रतिबन्ध लगाउनु बुद्धिमानी कदम होइन । सरकारले आफ्नो निर्णयलाई पुनर्विचार गर्नुपर्छ र नियमनको नाममा नागरिकको अधिकार र देशको प्रगतिलाई नै खतरामा पार्नु हुँदैन ।

नेपालमा सामाजिक सञ्जालको व्यापक प्रयोग भइरहेका बेला सरकारले फेसबुक, युट्युब, व्हाट्सएपलगायतका २६ वटा प्लेटफर्महरूलाई बन्द गर्ने निर्णय गरेपछि देशव्यापी रूपमा बहस र आलोचना सुरु भएको छ । सरकारले यस कदमलाई सामाजिक सञ्जालको दुरुपयोग नियन्त्रण गर्ने र कानुनी दायरामा ल्याउने प्रयास भनेको छ । तर, कतिपयले यसलाई नागरिकको अभिव्यक्ति स्वतन्त्रता माथिको प्रहार र लोकतन्त्रको मूल्य-मान्यताविरुद्धको कदम भनेका छन् । संसार प्रविधिको युगमा तीव्र गतिमा अघि बढिरहेको बेला नेपाल भने उल्टो बाटोमा हिंड्दैछ भन्ने आरोप लागेको छ । यस कदमको विरुद्धमा सत्ता पक्षकै शीर्ष नेताहरूको समेत विरोधको आवाज सुनिना थालिएको छ ।

आजको युग प्रविधिको युग हो र सामाजिक सञ्जाल हरेक व्यक्तिको अति आवश्यकताको वस्तु बनेको छ । यस सन्दर्भमा सरकारले पर्याप्त गृहकार्य नगरी यसलाई बन्द गर्नु अपरिपक्व निर्णय साबित हुने निश्चित छ । सामाजिक सञ्जाल दर्ता प्रक्रियामा आउनुपर्छ, कर तिर्नुपर्छ भन्नेमा दुईमत छैन, तर यसको लागि सरकारसँग अरू विकल्पहरू, पहल र छनौट हुनुपर्ने थियो, जसलाई सरकारको सफलता मानिन्थ्यो । यसरी एक्कासी बन्द गर्नुलाई सरकारकै कूटनीतिक असफलता मानिएको छ ।

**सरकारको निर्णय र त्यसका आधारहरू**

नेपाल सरकारले 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०' जारी गरी सबै सामाजिक सञ्जाल प्लेटफर्महरूलाई नेपालमा दर्ता हुन अनिवार्य गरे पछि यो विवाद सुरु भएको हो । सरकारको मुख्य उद्देश्य सामाजिक सञ्जालमा हुने गैरकानुनी, अनैतिक र अफवाहजन्य गतिविधिहरूलाई नियन्त्रणमा राख्नु हो । सरकारले दिएको समय सीमा भित्र फेसबुक, युट्युब, एक्स (ट्विटर), इन्स्टाग्राम जस्ता ठूला अन्तर्राष्ट्रिय प्लेटफर्महरूले नेपालमा आफ्नो सम्पर्क कार्यालय वा आधिकारिक प्रतिनिधि तोकेर दर्ता प्रक्रिया पूरा गर्न मानेनन् । यसले गर्दा सरकारलाई नियमन गर्न र साइबर अपराधका घटना माथि अनुगमन तथा कारबाही गर्न ठूलो चुनौती भएको थियो । सामाजिक सञ्जालमा हुने अफवाह, घृणायुक्त भाषण र मानहानीका घटनाहरूलाई नियमन गर्न कानुनी दायराभित्र ल्याउनु सरकारको प्राथमिक लक्ष्य थियो ।

सरकारले यो कदम चाल्नुको अर्को प्रमुख कारण सर्वोच्च अदालतको आदेश पनि हो । अदालतले सामाजिक सञ्जाललाई व्यवस्थित गर्न र दुरुपयोग रोक्नका लागि आवश्यक कानुनी संरचना बनाउन सरकारलाई निर्देशन दिएको थियो। यस आदेशलाई आधार बनाएर सरकारले आफ्नो निर्णयलाई वैधता दिएको छ । सरकारको तर्क छ कि दर्ता नभएका प्लेटफर्महरूले नेपालको कानुन र नियमलाई पालना गर्नु पर्दैन, जसले गर्दा देशको सार्वभौमिकता र नागरिकको सुरक्षा माथि प्रश्न उठेको छ। सरकारका अनुसार, दर्ताले प्लेटफर्महरूलाई नेपालको न्यायिक प्रणालीप्रति उत्तरदायी बनाउनेछ र आपत्तिजनक सामग्रीलाई तत्काल हटाउन मद्दत गर्नेछ ।

**सरकारको चर्को आलोचना र विपक्षका तर्कहरू**

सरकारको यो निर्णयले नेपाली समाजमा अभिव्यक्ति स्वतन्त्रता र नागरिकको सूचनाको हक माथि ठूलो बहस निम्त्याएको छ । आलोचकहरूका अनुसार, सरकारले यो कदम नागरिकको विचार व्यक्त गर्ने स्वतन्त्रता माथि सिधै प्रहार हो । सामाजिक सञ्जाल अहिले धेरैका लागि आफ्नो विचार, असहमति र आवाज बुलन्द गर्ने सबै भन्दा प्रभावकारी माध्यम बनेको छ । सरकारले यसलाई बन्द गर्दा लोकतन्त्रको एक महत्वपूर्ण आधारलाई कमजोर बनाउने र नागरिकलाई मौन बनाउने प्रयास गरेको आरोप लागेको छ । यो निर्णयले आम मानिसलाई सूचनाको प्रवाहबाट वञ्चित गर्नेछ, जुन आधुनिक समाजमा नागरिकको मौलिक अधिकार हो ।

यसका साथै, आलोचकहरूले सरकारले यो निर्णय गर्नु अघि पर्याप्त गृहकार्य नगरेको र ठूला अन्तर्राष्ट्रिय कम्पनीहरूसँग कूटनीतिक पहल नगरी हतारमा कदम चालेको तर्क गरेका छन् । दर्ता प्रक्रियाको जटिलता र अस्पष्टताका कारण पनि कम्पनीहरूले यसलाई बेवास्ता गरेको हुन सक्छ । यसले नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र डिजिटल क्षेत्रमा लगानीको वातावरणमा नकारात्मक असर पर्न सक्छ । यो निर्णयले नेपालमा डिजिटल व्यापार र प्रविधिको विकासलाई बाधा पुऱ्याउने जोखिम पनि छ ।

**नागरिक जीवन, विद्यार्थी र कर्मचारीमा पर्ने असर**

सामाजिक सञ्जाल बन्द हुँदा सर्वसाधारणको सञ्चारमा गम्भीर बाधा पुग्नेछ । अहिले नेपालका लाखौ युवा रोजगारीका लागि विदेशमा छन् र उनीहरू घर परिवारसँग कुरा गर्न व्हाट्सएप, फेसबुक मेसेन्जर जस्ता माध्यममा निर्भर छन् । दसै, तिहार जस्ता ठूला चाडपर्वको मुखमा यस्तो प्रतिबन्ध लगाउँदा विदेशमा रहेका नेपाली र उनीहरूका परिवार बीचको सञ्चारमा ठूलो समस्या उत्पन्न हुनेछ, जसले गर्दा मानसिक र भावनात्मक दबाब बढ्नेछ । यो निर्णयले सामाजिक सम्बन्ध र पारिवारिक एकता माथि नकारात्मक प्रभाव पार्नेछ ।

विद्यार्थीहरूले पनि यस निर्णयको नकारात्मक असर भोगिरहेका छन् । आधुनिक शिक्षामा सामाजिक सञ्जालले शैक्षिक सामग्री, समूह छलफल र अनुसन्धानका लागि महत्वपूर्ण भूमिका खेल्छ । विद्यार्थीहरूले विश्वभरका ज्ञान र सूचनाहरू प्राप्त गर्न सामाजिक सञ्जालको प्रयोग गर्थे । अब यो माध्यम बन्द हुँदा उनीहरूको ज्ञानको स्रोत सीमित भएको छ र अध्ययनमा बाधा पुगेको छ। यसैगरी, धेरै कार्यालयका कामहरू र सूचनाहरू सामाजिक सञ्जालका समूहहरूमा आदान-प्रदान हुने गर्छन् । यसको बन्दले कार्यालयको काममा सहजता घटेको छ र कामकाजमा ढिलाइ भएको छ ।

**व्यवसाय र जीविकोपार्जनमा असर**

सामाजिक सञ्जालको प्रतिबन्धले साना तथा मझौला व्यवसायीहरूलाई सबै भन्दा ठूलो आर्थिक धक्का दिएको छ। ठूलो लगानी गर्न नसक्ने धेरै व्यवसायीहरूले आफ्नो उत्पादन र सेवाहरू बिक्री गर्न फेसबुक, इन्स्टाग्राम जस्ता प्लेटफर्ममा निर्भर थिए । अब यो माध्यम बन्द हुँदा उनीहरूको व्यवसाय लगभग चौपट भएको छ र यसले धेरैको जीविकोपार्जन माथि गम्भीर संकट ल्याएको छ । यस प्रतिबन्धले नेपालको डिजिटल बजारको विकासलाई ठूलो धक्का दिएको छ, जुन देशको आर्थिक विकासका लागि महत्वपूर्ण थियो ।

यसका साथै, सामाजिक सञ्जाल विज्ञापन र मार्केटिङको सबैभन्दा प्रभावकारी र सस्तो माध्यम बनेको थियो। साना र ठूला दुवै कम्पनीहरूले आफ्ना ग्राहकहरूसम्म पुग्न यसको प्रयोग गर्थे । अब यो बन्द भएपछि व्यवसायहरूले परम्परागत र महँगा विज्ञापनका माध्यमहरूमा फर्कनुपर्ने बाध्यता आएको छ, जसले गर्दा उनीहरूको लागत बढेको छ र नाफामा कमी आएको छ । धेरै युवा उद्यमीहरू जसले सामाजिक सञ्जाल मार्फत आफ्नो व्यवसाय सुरु गरेका थिए, उनीहरूका लागि यो निर्णय ठूलो चुनौती बनेको छ ।

यसबाहेक, लिङ्डइन जस्तो प्लेटफर्म रोजगारदाता र रोजगारीको खोजीमा रहेका व्यक्तिहरूलाई जोड्ने एउटा भरपर्दो माध्यम बनेको थियो । अब यो बन्द हुँदा दुवै पक्षलाई ठूलो अन्योल र समस्या उत्पन्न हुनेछ । रोजगार खोज्नेहरूले नयाँ अवसरहरू पाउन कठिन हुनेछ भने कम्पनीहरूलाई पनि योग्य कर्मचारीहरू खोज्नमा ठूलो चुनौती आउनेछ । यसरी, व्यावसायिक सम्बन्ध र रोजगारीको लागि बनेको एक महत्त्वपूर्ण पुल भत्किँदा नेपालको श्रम बजारमा गम्भीर असर पर्ने देखिन्छ ।

**सामाजिक सञ्जाल साक्षरता र सचेतनाको अभाव**

सरकारले सामाजिक सञ्जाललाई प्रतिबन्ध लगाउने जस्तो कठोर कदम चाल्नुअघि यसको सही सदुपयोगसम्बन्धी सचेतना अभियानमा पर्याप्त ध्यान दिएको देखिंदैन । नेपाल सरकारले विद्यालयका पाठ्यक्रमहरूमा डिजिटल साक्षरता, साइबर सुरक्षा र सामाजिक सञ्जालको जिम्मेवार प्रयोगबारे के कति समावेश गरेको छ, त्यो पर्याप्त छ वा छैन भन्ने बहसको विषय हो । यद्यपि, हालको पाठ्यक्रममा यस विषयमा पर्याप्त गृहकार्य र अध्ययन सामग्रीहरू राखिएका छैनन्, जसले गर्दा नागरिकहरूमा डिजिटल साक्षरताको कमी छ ।

सरकारले डिजिटल साक्षरता अभिवृद्धि गर्न र यस सम्बन्धी अभियान चलाउनुको सट्टा सीधै दमनकारी नीति लिएको छ, जुन अत्यन्तै अपरिपक्व देखिन्छ । सामाजिक सञ्जालको दुरुपयोग नियन्त्रण गर्ने उत्तम उपाय भनेको नागरिकलाई यसको सही र गलत प्रयोगबारे शिक्षित गर्नु हो । सरकारले साइबर सुरक्षामा लगानी गर्ने, साइबर अपराध अनुसन्धानका लागि दक्ष जनशक्ति र प्रविधि विकास गर्ने र सामाजिक सञ्जालको प्रयोगबारे देशव्यापी सचेतना अभियान चलाउने जस्ता रचनात्मक कार्यमा ध्यान दिनुपर्थ्यो । तर, यी सबै विकल्पहरूलाई बेवास्ता गरेर सरकारले सहज तरिका प्रतिबन्ध रोजेको छ, जुन दीर्घकालका लागि हानिकारक साबित हुन सक्छ ।

**समाधान र भविष्यको बाटो**

सरकारले दर्ता प्रक्रियालाई कडाइका साथ कार्यान्वयन गर्न खोजे पनि यसको तरिकामा धेरै कमी-कमजोरी देखिएको छ । सरकारले हतारमा र पर्याप्त संवाद विना यस्तो निर्णय गर्नु भन्दा अन्तर्राष्ट्रिय कम्पनीहरूसँग कूटनीतिक संवाद र छलफल बढाउनुपर्ने आवश्यकता थियो । दर्ताका लागि स्पष्ट र पारदर्शी मापदण्डहरू बनाइएको भए कम्पनीहरूलाई पनि सहजीकरण हुने थियो । सरकारले कम्पनीहरूलाई दर्ताको महत्त्व र यसको फाइदा बुझाउन सक्थ्यो, जसले गर्दा यसरी बन्द गर्नुपर्ने अवस्था आउने थिएन ।

नेपाल जस्तो विकासशील देशमा सामाजिक सञ्जाल पूर्ण रूपमा बन्द गर्नुभन्दा यसलाई नियमन र व्यवस्थापन गर्ने अन्य विकल्पहरूमा ध्यान दिनुपर्थ्यो । जस्तै, आपत्तिजनक सामग्रीलाई हटाउने, गलत सूचनाको पहिचान गर्ने र साइबर अपराधमा संलग्न व्यक्तिहरूलाई कारबाही गर्ने संयन्त्र बलियो बनाउन सकिन्थ्यो । यसका लागि सरकारले नागरिक समाज, प्राविधिक विज्ञ र सरोकारवालासँगको छलफलमा आधारित नीति बनाउनुपर्ने देखिन्छ । अभिव्यक्ति स्वतन्त्रता र सूचनाको पहुँचलाई सीमित नगरी सामाजिक सञ्जालको दुरुपयोग नियन्त्रण गर्न सकिन्छ । अहिलेको परिस्थितिमा सरकारले आफ्नो निर्णय पुनर्विचार गरी विदेशी कम्पनीहरूसँग संवाद र कूटनीतिक पहल बढाउनु आवश्यक छ ।

अन्त्यमा, संसार प्रविधि र डिजिटल रूपान्तरणको युगमा तीव्र गतिले अगाडि बढिरहेको बेला नेपाल भने उल्टो बाटोमा हिडेको देखिन्छ । जहाँ अन्य देशहरूले आफ्नो आर्थिक विकास र नागरिकको जीवन स्तर सुधार गर्न सामाजिक सञ्जाललाई एउटा औजारको रूपमा प्रयोग गरिरहेका छन्, त्यहाँ नेपालले भने यसलाई बन्द गर्ने निर्णय लिएको छ । यो कदमले देशलाई डिजिटल विश्वबाट एक्ल्याउने जोखिम बढेको छ । सामाजिक सञ्जालमा हुने दुरुपयोगलाई नियन्त्रण गर्न आवश्यक छ तर त्यसका लागि सञ्चारको मूल माध्यमलाई नै प्रतिबन्ध लगाउनु बुद्धिमानी कदम होइन । सरकारले आफ्नो निर्णयलाई पुनर्विचार गर्नुपर्छ र नियमनको नाममा नागरिकको अधिकार र देशको प्रगतिलाई नै खतरामा पार्नु हुँदैन । अहिलेको आवश्यकता भनेको सामाजिक सञ्जाललाई पूर्ण रूपमा बन्द गर्नुभन्दा त्यसको सही प्रयोगका लागि उपयुक्त कानुन र नीतिहरू बनाउनु हो ।

(लेखक नेपाली सेनाका अवकाश प्राप्त सेनानी हुन् । )

देश सञ्चारबाट

# जेनजी आन्दोलन प्रभाव : सेयर बजारमा पहिरो



काठमाडौं । सोमबार सेयर बजार उच्च अंकले घटेको छ । देशभर जेनजी पुस्ताको नेतृत्वमा सरकारविरुद्ध आन्दोलन भइरहेको बेला सेयर बजारमा ३५.९९ अंकको गिरावट आएको छ । योसँगै बजार परिसूचक २६७२.२५ अंकमा झरेको छ ।

सोमबार ५ अर्ब २३ करोड रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । बजारमा २३ कम्पनीको मूल्य घटेको छ भने २२८ कम्पनीको मूल्य बढेको छ । सबैभन्दा धैरै सूचक ट्रेडिङ सेक्टर २.३१ प्रतिशत घटेको छ । थप आठवटा समूह १ प्रतिशत भन्दा धैरै तथा बाँकी समूह १ प्रतिशत भन्दा कमले घटेका छन् ।

बजारमा सबैभन्दा धेरै हिमालयन हाइड्रोपावरमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्ने बाराही हाइड्रोको मूल्य ५.२८ अंकले घट्दा बाँकीको उल्लेख्य घटबढ भएन ।

बजारमा नेपाल पुनर्बिमा कम्पनीको ३० करोड, युनियन हाइड्रोपावर २४ करोड ९ लाख, युनिभर्सल पावर कम्पनीको २३ करोड २४ लाख रुपैयाँको कारोबार भएको छ । कारोबार संख्याको आधारमा हिमालयन बैंक अगाडि छ ।

कपिलवस्तु नगरपालिकाको अनुरोध

- बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौं ;
- सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- आपतकालीन झोला (औषधि, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिऔं,
- बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका लाइन वा पोलबाट टाढा बसौं,

अनुरोधक :
कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

महाराजगंज नगरपालिकाको अनुरोध

गर्मी तथा वर्षायाममाको समयमा सचेत रहौं

गर्मी समयमा विभिन्न जातका किरा, फटयांग्रा तथा बिषालु सर्पहरू घर, आँगन, कोठा तथा घरवरिपरि देखिने र टोक्ने / डस्ने भएकोले सचेत हुँदै सुरक्षित रहन निम्न कुराहरूमा ध्यान दिउँ ।

- घर कोठा, आँगन वरिपरि नियमित सरसफाइ गरी झारपात र झाडी हटाऔं ।
- आफू सुत्ने विस्तारा सधै टक्टक्याउने, सफा गर्ने र झुल लगाएर सुत्ने गरौं ।
- घर अगाडिको बाटो, पानी जम्ने खाल्डाखुल्डी, किरा फट्यांग्रा पस्ने निस्कने प्वालहरू पुरी वा बन्द गरौं ।
- अध्याँरोमा नहिडौं । अति आवश्यक परे टूच लाइट बालेर हिडौं ।
- खेत आलीको घासपात गर्दा अघि पछि हेरेर होसियार पूर्वक गरौं ।
- बालबालिकालाई खेल्ने आँगन, मैदान सुरक्षित छ छैन, निरीक्षण गरी हिलो र पानी तथा झारपात भएको स्थानमा खेल्न नपठाऔं ।
- किरा फट्यांग्रा तथा सर्पले टोकेको शंका लागे वा टोकेको अवस्थामा ढिला नगरी तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं । घरायसी झारफुक, धामीझाँक्रीको अन्धविश्वासमा नपरौं ।

अनुरोधक :
महाराजगंज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महाराजगंज, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

### गृहमन्त्री...

सोमबार भएको जेनजीहरूको प्रदर्शनमा प्रहरीले दमन गरेपछि काठमाडौं र इटहरीमा गरी १९ जनाको मृत्यु थियो । उक्त घटनाको आफूले नैतिक जिम्मेवारी लिनुपर्ने बताउँदै लेखकले राजीनामा दिएका हुन् ।

त्यसअघि उनले पार्टी बैठकमा पनि आफू नैतिकताका आधारमा पदमा नबस्ने जानकारी गराएका थिए । कांग्रेस पदाधिकारी बैठकमा महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने माग गरेका थिए ।

त्यसअघि कांग्रेस नेता शेखर कोइरालाले गृहमन्त्रीले मात्रै नभएर पार्टीले नै सरकार छाड्नुपर्ने बताएका थिए । 'यो सरकारको औचित्व समाप्त भयो, गृहमन्त्रीले मात्रै होइन, पार्टीले वर्तमान सरकारबाट अलग हुनुपर्छ ।'- कोइरालाले भनेका थिए ।

### नागरिकको...

उनले एक्समा लेखेकी छन् । जेनजी प्रदर्शनमा प्रदर्शनकारीहरूको मृत्यु भएको तथा घाइते भएको घटनाले आफू साह्रै दुखी भएको उनले बताएकी छन् । साथै, यसबाट प्रभावित परिवारप्रति पनि उनले समवेदना समेत प्रकट गरेकी छन् ।

### सरकारको...

'जायज माग र सपना बोकेर आन्दोलनमा उत्रिएका युवाहरूमाथि गोली चलाएर डेढ दर्जन बढी युवाको गोलीबाट मृत्यु र दुई सय बढी घाइते बनाएको अवस्थाले सरकारको औचित्य सकिएको छ ।'- पदाधिकारी बैठकमा अनौपचारिक रूपमा छलफलको निष्कर्ष छ ।

मंगलबार बिहान पदाधिकारी बैठकमा यो घटनाबारे विश्लेषण गरी निर्णय लिने प्रवक्ता अग्नि सापकोटाले बताए । सापकोटाले भने-'यो संघीय लोकतान्त्रिक व्यवस्था व्यवस्था बचाउने हो भने केपी ओलीले सरकार छाड्नुपर्छ । संसद्बाट निकास निकाल्नुपर्छ ।'

प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र)का उपमहासचिव जनार्दन शर्माले आन्दोलनकारीको माग पूरा गर्न सरकारले राजीनामा दिनुपर्ने बताएका छन् ।

एक्समार्फत् उनले आन्दोलनकारीसहितको संयन्त्र बनाउन पनि माग गरेका छन् । 'आन्दोलनकारीहरुको माग पूरा गर्न सरकारले राजीनामा दिइ उनीहरूको प्रतिनिधित्वसहित संयुक्त राजनैतिक संयन्त्र निर्माण गरौं ।'- शर्माले लेखेका छन् । शर्माले 'जेन-जी'को आन्दोलनमा सरकारले गरेको दमनको घोर निन्दा गरेका छन् ।

दमनबाट आन्दोलन रोक्न नसकिने कुरा इतिहासबाट धेरैपटक पुष्टि भइसकेकाले तत्काल उनीहरूका माग सम्बोधन गर्न सरकारसँग माग पनि गरेका छन् ।

### प्रधानमन्त्रीको...

समाप्त भइसकेको परिप्रेक्ष्यमा प्रधानमन्त्रीको तत्काल राजीनामा माग्दछौं । साथै घटनाको निष्पक्ष छानबिन गर्न उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गरी गृहमन्त्रीलगायत सबै दोषीमाथि कडा कारबाही गर्न माग गर्दछौं ।'

त्यस्तै रास्वपाले कांग्रेस-एमाले सरकारले कुनै पनि राष्ट्रिय मुद्दाको हल गर्न असफल भएको बताएको छ । विज्ञप्तिमा भनिएको छ-'नेपाली कांग्रेस र नेकपा एमालेको वर्चस्व रहेको वर्तमान संघीय संसद्ले कुनै पनि राष्ट्रिय मुद्दाको हल निकाल्न असमर्थ भई वैधता गुमाएको निष्कर्षमा पुग्दै ताजा जनादेशको माग गर्दछौं ।'

वर्तमान सरकारको जनप्रतिवाद हुने पनि रास्वपाको चेतावनी छ । 'आफ्नै सन्तानको रगतमा लत्पतिएर कुशासन लम्ब्याउने कुचेष्टा अब जनताले सहने छैनन् र यो आततायी शासनको जनप्रतिवाद हुनेछ ।'

### जेन जी...

घाइतेहरुको निःशुल्क उपचार उनले सरकारसँग माग राखेका छन् । 'आन्दोलनकारी र सरकार दुवै पक्षलाई संयमता अपनाएर वार्ताबाट समाधान खोज्न र हिंसा नलम्ब्याउन जोडदार माग गर्दछौ ।'- गौतमले भने ।

### जेनजी...

सिभिलका डा. अभिशेककुमार झाले यो त युद्ध अपराधभन्दा चर्को भयो भनेका छन् । डा. झाले प्रहरी दमनले सबै डाक्टर र स्वास्थ्यकर्मीलाई अवस्था सम्हाल्न निकै गाह्रो भएको जनाए ।

यसैगरी बुटवल चौराहा, तिनकुनेलगायतका ठाउँमा पनि प्रहरीले पटक-पटक अश्रु ग्यास प्रहार गरेको थियो ।

**५४ जना पक्राउ**

सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र भ्रष्टाचारको विरुद्धमा प्रदर्शनमा उत्रिएका जेनजी समूहका ५४ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रदर्शनको सुरक्षामा खटिएका १७८ जना प्रहरी घाइते भएका छन् । सशस्त्र प्रहरीतर्फ ९ जना घाइते भएका छन् ।

**चार पत्रकार घाइते**

'जेनजी' प्रदर्शनको समाचार संकलनमा खटिएका चार पत्रकार घाइते भएका छन् । नयाँ बानेश्वर क्षेत्रमा विरोध प्रदर्शनको समाचार संकलन गर्न खटिएका पत्रकारहरू श्याम श्रेष्ठ, दीपेन्द्र ढुङ्गाना, उमेश कार्की र शम्भु दङ्गाल घाइते भएका नेपाल पत्रकार महासंघले जनाएको छ ।

घाइते पत्रकारको ट्रमा सेन्टर, पाटन अस्पताल र सिभिल अस्पतालमा उपचार भइरहेको छ ।

**प्रधानमन्त्री र खाँणको घरमा ढुंगामुढा**

जेनजी युवाको समूहले प्रधानमन्त्री केपी शर्मा ओली झापास्थित निवासमा ढुंगामुढा गर्न खोज्ने समूहलाई प्रहरीले रोकेको छ ।

यस्तै प्रदर्शनकारीहरुले नेकपा एकीकृत समाजवादीको पार्टी कार्यालयमा पनि ढुंगामुढा प्रहार गरेका छन् ।

आलोकनगरमा रहेको केन्द्रीय मूख्यालयमा ढुंगामुढा प्रहार गरेका हुन् ।

'जेनजी प्रदर्शनकारीहरु होइनन्, हाम्रो कार्यालयमा घुसपैठियाहरुले तोडफोड गर्न खोजिरहेका छन्' महासचिव घनश्याम भूसालले भने।

बुटवलमा पनि एमाले प्रदेश कार्यालय सुख्खानगरमा घेराउ गरेका थिए। तर प्रहरीले प्रदर्शनकारीलाई तितरबितर पारेको थियो। उता इटहरीस्थित नगरपालिका कार्यालयमा आन्दोलनकारीले तोडफोड र आगजनी गरेपछि अपराह्न झडप भएको थियो । झडपपछि प्रशासनले इटहरीमा कर्फ्यु आदेश जारी गरेको थियो ।

रुपन्देही प्रशासनले बुटवल र भैरहवामा पनि दिउँसो ४ बजेखि राति १० बजेसम्म कर्फ्यु लगाएको थियो । कास्कीको पोखरामा पनि अनिश्चितकालका लागि कर्फ्यू लगाइएको छ । जेनजी पुस्ताको प्रदर्शनका क्रममा रुपन्देहीमा पूर्व गृहमन्त्री तथा कांग्रेस नेता बालकृष्ण खाँणको घरमा पनि ढुंगामुढा गरेका छन् । जेनजी समूहले तिलोत्तमा-८ चारनम्बरस्थित खाँणको घरमा ढुंगामुढा गरेर तोडफोड गरेका हुन् ।

प्रदर्शनकारीको ढुंगामुढाबाट खाँणको घरको मूल गेटमा क्षति पुगेको र घरका केही सिसाहरु फुटेको रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले बताए ।

बालकृष्णका भाइ कांग्रेस रुपन्देहीका सभापति रामकृष्ण खाँणका अनुसार घरमा आमा र भाउजु मात्र रहेका थिए । 'घरमा आमा र भाउजू मात्रै हुनुहुन्थ्यो, भैरहवाबाट फर्केको टोलीले घरमा पुगेर तोडफोड गरेछन् ।'-उनले भने ।

कांग्रेस रुपन्देही सभापति रामकृष्ण खाँणले कार्यालय परिसरमा रहेका दुई गाडी र चार मोटरसाइकलमा तोडफोड गर्नुका साथै चार वटा मोटरसाइकलका हेलमेट लगेका छन् । उनीहरुले दिनभरजसो भैरहवामा प्रदर्शन गरेका छन् ।

एमाले जिल्ला कार्यालयमा पनि तोडफोड गरेको प्रचार विभाग प्रमुख मिनप्रसाद पौडेलले जनाए ।


## बिमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८२।०४।१८ गते रामग्राम १४ देखि परासी जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नाम :** गोबिन्द प्रसाद केवट
**ठेगाना :** रामग्राम न .पा.१४, नवलपरासी
**बिमा लेख नं :** २५१११४०२४
**मोबाइल न:** ९८५७०४६७९०

## Ribdikot Rural Municipality

**Khasyauli , Palpa**

## Invitation for Bids

Date of publication: 9-Sep-2025

1. Ribdikot Rural Municipality, Khasyauli, Palpa invites electronic bids from eligible bidders for the procurement of works as specified here under.
2. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).
   **Information to deposit the cost of Bidding Document in Bank:**
   Name of the Office: Ribdikot Rural Municipality, Khasyauli, Palpa
   Name of Bank: Nic Asia Bank Ltd ( Harthok Branch Palpa)
   Office Account no: 0902050029116002(ANTARIK RAJASWA KHATA)
3. Bids must be submitted electonically before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at respective date and time at the office of Ribdikot Rural Municipality, Khasyauli ,Palpa .
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (GA 3 – DHARAUTI KHATA-RIBDIKOT GAUPALIKA), A/C No.:090CA50023041004) on behalf of RibdikotRural Municipality, Khasyauli , Palpa ,or online bid must be valid security for a period of 90 days for NCB counting after the of bid opening and must be accompanied by bid security, which shall be valid for minimum 30 days beyond the bid validity period.The scan copy of bid security should be uploaded in e-GP system during bid submission.
6. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR- 2064 (with their revisions).
7. Incaseof confusion contact on 9847487945,9857075307 within office hours. The name, identification number and other details of the contract are as follows:

| SN | Contract Name | Identification No. | Bid Validity / Bid Security Validity Period | Bid Document Fee (NRS) | Estimated Amount inclusive of VAT | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Upgrading of Bhairabsthan bharkot majuwa porakni to ward no 6 Road | RRM/NCB/ WORKS-03/2082/83 | 90/120 day | 3,000 | 99,99,447.46 | 1,50,000 | 10/10/2025 12:00 | 10/10/2025 14:00 |

**Chief Administrative Officer**

## गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- सकेसम्म स्वास्थ्यकर मासु मात्र खाने ।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने ।
- कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं । पशुपंक्षी संरक्षण गरौं,
- सेवा प्रवाहमा रहेको कमी कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं ।
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा राख्ने गरौं ।
- जन्म,मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गाराउँ ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- फोहोरको उचित व्यवस्थापन गरौं ।
- वातावरण जोगाउन वृक्षारोपण गरौं ।
- भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं ।
- स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं ।
- खोक्दा, हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।

**यशोधरा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बैदौली, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

## गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं । पशुपंक्षी संरक्षण गरौं,
- सेवा प्रवाहमा रहेको कमि कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं ।
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा राख्ने ,
- जन्म,मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गाराउँ ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- फोहोरको उचित व्यवस्थापन गरौं ।
- वातावरण जोगाउन वृक्षारोपण गरौं ।
- भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं ।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा कालो बजारी गरेको थाहा पाए समयमा नै सम्बन्धित निकायमा सम्पर्क गरी निकायमा जानकारी गर्ने ।

**मायादेवि गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
पकडी, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

## माउण्ट एभरेष्ट डिष्टिलरी लिमिटेड

**तिलोत्तमा-१४, टिकुलीगढ, रुपन्देही**

## मूल्य सूची सम्बन्धी सूचना

यस डिष्टिलरीबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु २०८२ साल भाद्र २४ गतेदेखि नेपालभर लागू हुने गरी मूल्य सूची प्रकाशित गरिएकोले सम्वन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

| Brand Name | UP | ML | ND | ND commission | Distributors | Distributors comm. | WS | WS comm. | Retail | Retail comm. | Consumer Case | Consumer Unit |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 6 TO 9 | 40 | 750 | 10794 | 432 | 11226 | 589 | 11815 | 620 | 12435 | 765 | 13200 | 1100 |
| 6 TO 9 | 40 | 375 | 10794 | 432 | 11226 | 589 | 11815 | 620 | 12435 | 765 | 13200 | 550 |
| 6 TO 9 | 40 | 180 | 10794 | 432 | 11226 | 589 | 11815 | 620 | 12435 | 765 | 13200 | 275 |
| Gold Box | 50 | 180 | 6650 | 150 | 6800 | 300 | 7100 | 250 | 7350 | 1290 | 8640 | 180 |
| Boxer | 50 | 180 | 6500 | 150 | 6650 | 300 | 6950 | 250 | 7200 | 1200 | 8400 | 175 |
| White Diamond | 50 | 180 | 6500 | 150 | 6650 | 300 | 6950 | 250 | 7200 | 1200 | 8400 | 175 |
| Sweet Diamond | 50 | 180 | 6550 | 150 | 6700 | 300 | 7000 | 250 | 7250 | 1150 | 8400 | 175 |
| T 20 | 70 | 300 | 1260 | 20 | 1280 | 55 | 1335 | 45 | 1380 | 720 | 2100 | 70 |
| Umaga | 70 | 300 | 1240 | 20 | 1260 | 50 | 1310 | 70 | 1380 | 360 | 1740 | 58 |
| Hazari Gold | 70 | 300 | 1240 | 20 | 1260 | 50 | 1310 | 70 | 1380 | 360 | 1740 | 58 |
| Julie | 70 | 300 | 1180 | 20 | 1200 | 40 | 1240 | 45 | 1285 | 125 | 1410 | 47 |
| Li Li Diamond | 70 | 300 | 1180 | 20 | 1200 | 40 | 1240 | 40 | 1280 | 220 | 1500 | 50 |
| 20-20 Flavours (Apple/Orange/Litchi/Lemon/XXX) | 70 | 300 | 1170 | 20 | 1190 | 50 | 1240 | 45 | 1285 | 125 | 1410 | 47 |

उपर्युक्त मूल्यमा अन्तःशुल्क तथा मु .अ . कर समावेश गरिएको छ ।

## छत्रकोट गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**चोयगा, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना !

**प्रथम पटक प्रकाशित मितिः२०८२।०५।२४**

यस कार्यालयद्वारा देहायका कार्यका लागि मिति २०८२।०४।१४ गतेको बुटवल टुडे राष्ट्रिय दैनिकमा तपसिलका कार्यका लागि प्रकाशित दरभाउपत्र आह्वानको सूचना बमोजिम प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तल उल्लेखित दर भाउपत्र दाताको बोलपत्र न्यूनतम सारभूतरुपमा प्रभावग्राही भै स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३(संशोधन समेत) को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ यो ७(सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | छनौट भएको फर्म | कबोल अंक(भ्याट र पि.एस. समेत) | कैफियत |
|---|---|---|---|---|
| १ | CRM/Gul/W/NCB-01/082-83, Upgrading of Pallikot-ButilSisne Road | श्री ओजस्वी निर्माण सेवा, सन्धिखर्क-१, अर्घाखाँची । | रु ६५,९६,१३९.३३ | |
| २ | CRM/Gul/W/NCB-02/082-83, Upgrading of BirbasKoldhariGuntungSisne(Birbas Section) To Black Topped Standard | श्री ओजस्वी निर्माण सेवा, सन्धिखर्क-१ ,अर्घाखाँची । | रु ६३,१६,४१०.१५ | |

**प्रमुख प्रशासकीय अधिकृत**

# गोलपोखरी आकर्षक पर्यटकीय गन्तव्यमा रूपान्तरण

गुल्मी । गुल्मीको पुर्कोटदहस्थित ऐतिहासिक गोलपोखरी स्थानीय सरकारको पहलमा संरक्षण गर्दै आकर्षक पर्यटकीय स्थलका रूपमा विकास गरिएको छ ।

मदाने गाउँपालिका-६ मा रहेको यो पोखरी संरक्षणको अभावमा विगतमा सुख्खा भई खेलमैदान र विभिन्न कार्यक्रम हुने चौरको रूपमा मात्र प्रयोग हुँदै आएको थियो । तर हाल संरक्षणपछि पोखरी पुनः जलमग्न बनेको छ । यहाँ रातमा रंगीविरंगी लाइटिङ, पानीको फोहरा, विश्राम स्थलसहितका संरचना थपिएका छन्, जसले पर्यटक आकर्षित गर्ने अपेक्षा गरिएको छ ।

यस पोखरीलाई मदाने गाउँपालिकाको महत्वपूर्ण पुरातात्विक सम्पदामध्ये एक मानिन्छ । वडाध्यक्ष मनिराम थापा र गाउँपालिका अध्यक्ष महेन्द्रबहादुर कुँवरले यसका लागि लामो समयदेखि पहल गर्दै आएका थिए ।

दुई वर्षअघि लुम्बिनी प्रदेशका तत्कालीन प्रदेश प्रमुख अमिक शेरचनले पनि स्थल अवलोकन गरी संरक्षणका लागि सहयोग गर्ने वचन दिएका थिए ।

करीब ७० वर्षअघि पुर्कोटदहका स्वर्गीय बिसे कामीको अगुवाइमा यो पोखरी खनिएको थियो । पानीको अभावका कारण उनले गाउँवासीलाई जुटाएर पोखरी निर्माण गरेका थिए । हाल उनका नाति, ७५ वर्षीय डुके कामीले पुराना सम्झना सुनाउँदै पोखरीको ऐतिहासिक महत्त्वबारे बताएका छन् । वडाध्यक्ष थापाका अनुसार, आफ्नो कार्यकालको पहिलो निर्णय नै गोलपोखरी संरक्षण गर्ने रहेको र करिब १ करोड रुपैयाँको लागतमा काम सम्पन्न भएको बताए ।

अहिले रंगरोगन कार्य बाँकी रहेको छ । यस काममा सांसद गोकर्ण विष्टको पनि सहयोग रहेको उल्लेख गरिएको छ ।

गाउँपालिका अध्यक्ष कुँवरले पोखरी खनेका बिसे कामीलाई सम्मान गर्दै संरक्षण प्रयास सफल भएको बताए ।

उनले थप पर्यटकीय आकर्षणका लागि मार्थी कंकेदेउराली क्षेत्रलाई समेत समेटेर पर्यटन विकासमा काम भइरहेको जानकारी दिए ।

# ग्रीनवेल्टको जग्गा बिक्री गर्न खोजेपछि विवाद

**केशव पराजुली**
*नवलपरासी*



पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका चिसापानीमा रहेको जग्गाको विवाद अझै पनि समाधान हुन सकेको छैन । बर्दघाट नगरपालिकाभित्र रहेका चिसापानीलगायतका नगरपालिकाभित्रका सबै सार्वजनिक, प्रति जग्गा स्थानीय सरकारको मातहतमा हुनु पर्ने माग स्थानीयको रहेको छ ।

बर्दघाट नगरपालिकाको चिसापानीमा रहेको ग्रीनवेल्टको जग्गा राष्ट्रिय आवास कम्पनीले टेन्डर गरेर बिक्री गर्न खोजेपछि जग्गाको विवाद सुरु भएको हो । राजा महेन्द्रले ग्रीनवेल्ट भनेर छुट्याएको १७ विगाहा १२ कठ्ठा २ धुर जग्गामध्ये दिब्यज्योति बहुमुखी क्याम्पसलाई ९ बिघा दिइएको छ भने बाँकी ८ बिघा २ कठ्ठा १२ धुर स्थानीय सरकारलाई हस्तान्तरण गर्न माग उठेको छ । माकर-२/ग, कित्ता नं. १३१० मा रहेको १७ बिघा १२ कठ्ठा २ धुर जग्गा २०३४ सालदेखि 'ग्रिन बेल्ट'का लागि छुट्याइएको थियो । तर २०६१ साउन ३२ गते नापी कार्यालयले आवास कम्पनीको नाममा दर्ता गरेपछि विवाद चर्किएको हो । उक्त क्षेत्रमध्ये ३ बिघा जग्गा आवास कम्पनीले तिमिल्सिना ट्रेडर्सलाई टेण्डरमार्फत् बिक्री गरेको थियो । स्थानीयवासीले बिक्रीको विरोध गर्दै 'चिसापानी जग्गा सहजीकरण समिति' गठन गरी सम्पूर्ण जग्गा स्थानीय सरकारको नाममा ल्याउन दबाब दिइरहेका छन् । बाँकी रहेको उक्त जग्गा राष्ट्रिय आवास कम्पनी र स्थानीयवासी बिच विवाद हुँदै आएको छ ।

२०३४ सालदेखि स्थानीयले संरक्षण गर्दै आएको पूर्व पश्चिम राजमार्गसँग जोडिएको जग्गालाई स्थानीयले बर्दघाट नगरपालिकाको मातहतमा आउनु पर्ने माग राख्दै आएका छन् । सोहि जग्गामा अहिले चिसापानी अस्पताल र ट्रमा सेन्टर निर्माण गरेर बचेको जग्गा स्थानीय सरकारको नाममा ल्याउन दबाब राजनीतिक दल विभिन्न संघ, संस्थाहरुको सुझाव रहेको छ । उक्त जग्गा राष्ट्रिय आवास कम्पनी र भू-माफियाको चलखेलका कारण स्थानीय सरकारको मातहतमा रहनु पर्ने माग जग्गा सहजीकरण समितिको रहेको छ ।

उक्त जग्गा समिति नै गठन गरी स्थानीय सरकारको नाउँमा ल्याउनु पर्ने जग्गा सहजीकरण समितिका संयोजक प्रेमबहादुर भुजेलले बताए । समितिले आयोजना गरेको राजनीतिक दल, संघ, सस्थाहरुको छलफल कार्यक्रममा बर्दघाट नगरपालिकाका नगरप्रमुख, नगर उप-प्रमुख र सम्बन्धित क्षेत्रका वडाध्यक्षको सहभागिता नरहेको प्रति समितिका पदाधिकारी तथा स्थानीयवासी रुष्ट बनेका छन् । नगर क्षेत्रभित्र रहेका सार्वजनिक तथा प्रति जग्गा स्थानीय सरकारको मातहतमा हुनु पर्नेमा नवलपरासी जिल्लाका राजनीतिक दलहरुले समेत जोड दिएका छन् ।

जग्गा सहजीकरण समितिले आयोजना गरेको छलफल कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला सचिव कुलदिप आर्चाय, नेकपा एमालेकी जिल्ला सदस्य तथा बर्दघाट नगरपालिकाकी निवर्तमान वडाध्यक्ष दया दर्लामी, नेकपा एकिकृत समाजवादीका जिल्ला सचिव विष्णु बराल, नेकपा माओवादी केन्द्रका प्रतिनिधि स्थानीय समाजसेवी होमबहादुर गुरुङलगायतले स्थानीय सरकारको मातहतमा आउनु पर्ने बताएका छन् ।

बिक्री बाहेकको करिब ५ बिघा क्षेत्रमा चिसापानी अस्पताल सञ्चालनमा छ भने त्यही जग्गामा ट्रमा सेन्टर निर्माणाधीन छ । सोही क्षेत्रभित्र ४२ घर अव्यवस्थित बसोबासी पनि छन् । स्थानीय सरकारका नाउँमा जग्गा ल्याउनका लागि समितिले अहिले वडादेखि जिल्लास्तरका राजनीतिक दल, संघसंस्थालगायत सरोकारवालाहरुसँग अन्तरकृया, हस्ताक्षर संकलन गरिरहेको छ । आवास कम्पनीले बिक्री गरेको ३ बिघा जग्गा अहिलेसम्म तिमिल्सिना ट्रेडर्सलाई हस्तान्तरण गर्न सकेको छैन । करिब तीन वर्षअघि टेण्डर प्रक्रियामार्फत् २२ करोड रुपैयाँमा बिक्री गरिएको भए पनि स्थानीयको विरोधका कारण हस्तान्तरण रोकिएको हो । ट्रेडर्सको नाउँमा टेण्डर परेपछि रद्दको माग गर्दै सर्वोच्च अदालतमा केही स्थानीयले मुद्दा दायर गरेका थिए ।

सर्वोच्च अदालतबाट समेत तिमिल्सिना ट्रेडर्सको पक्षमा फैसला भएको छ । ट्रेडर्सले १० प्रतिशत धरौटी रकम तिरे पनि बाँकी रकम नबुझाएको राष्ट्रिय आवास कम्पनी योजना कार्यालयका प्रमुख महेन्द्र थापाले बताए । २०६१ साउन ३२ गते नापी कार्यालयले आवास कम्पनीका नाममा उक्त जग्ग दर्ता गरेपछि विवाद थप चर्किएको हो । तिमिल्सिना ट्रेडसले ५२ वटा प्लट बनाएर जग्गा हस्तान्तरण गर्न दबाब दिइरहेको छ । तर स्थानीयको विरोधका कारण प्रक्रिया अघि बढ्न सकेको छैन । स्थानीयको मागअनुसार ५ बिघाभन्दा बढी जग्गा नगरपालिकाको मातहत ल्याउन पहल भइरहेको बर्दघाट नगरपालिकाका प्रमुख शम्भुलाल श्रेष्ठले जानकारी दिए । '८ बिघामध्ये ३ बिघा बिक्री भइसकेको छ । त्यसमा सर्वोच्च अदालतले समेत फैसला गरिसकेकाले हामीले केही गर्न सक्ने कुरा भएन । तर बाँकी जग्गा स्थानीय सरकारको नाउँमा ल्याउन पहल भइरहेको छ ।'-नगरप्रमुख श्रेष्ठले भने ।

नगरपालिकाले हाल राष्ट्रिय आवास कम्पनीसँग ४० वर्षका लागि वार्षिक साढे ३ लाख रुपैयाँ बुझाएर डेढ बिघा जग्गा ट्रमा सेन्टर निर्माण गर्न भाडामा लिएको छ ।

सोही क्षेत्रमा ट्रमा सेन्टर निर्माण भइरहेको छ भने सञ्चालनमा रहेको चिसापानी अस्पताल र अव्यवस्थित बसोबासीलाई पुर्जा दिलाउन समेत नगरपालिकाले पहल गरिरहेको नगरप्रमुख श्रेष्ठको भनाइ छ । बर्दघाट नगरपालिकाका निवर्तमान नगप्रमुख धिरज शर्मा बस्यालले आप्नो कार्यकालमा बर्दघाट नगरपालिकाभित्र २ सय ८ विगा जग्गा सार्वजनिक, प्रति रहेको तथ्याङ्क समेत निकालेका थिए । उक्त सबै जग्गा स्थानीय सरकारको मातहतमा हुनु पर्ने स्थानीयले माग गर्दै आएका छन् ।

# जापानिज इन्सेफ्लाइटिसबाट तीनको मृत्यु, नौ जनामा डेङ्गी सङ्क्रमण पुष्टि




नवलपरासी । जापानीज इन्सेफ्लाइटिस सङ्क्रमणबाट बर्दघाट सुस्तापश्चिम नवलपरासीमा तीन जनाको मृत्यु भएबो छ भने नौ जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको छ । उपचारका क्रममा बर्दघाट नगरपालिका- १२ का ७४ वर्षीय पुरुष, सरावल गाउँपालिका-१ का ६२ वर्षीय पुरुष र प्रतपापुर गाउँपालिका-१ का ५० वर्षीय पुरुषको मृत्यु भएको स्वास्थ्य कार्यालय पश्चिम नवलपरासीका निमित्त प्रमुख भेषराज शर्माले जानकारी दिए ।

उनका अनुसार विगत डेढमहिनाका अवधिमा उनीहरुको मृत्यु भएको हो । सङ्क्रमणविरुद्धको खोप नलगाएका तीन जना वृद्धको जापानिज इन्सेफ्लाइटिसबाट मृत्यु भएको हो । लामखुट्टेको टोकाइबाट जिल्लामा नौ जनामा डेङ्गी रोग सङ्क्रमण पुष्टि भइसकेको छ । सरसफाइ नहुँदा तीव्र गतिमा सङ्क्रमण फैलिने गरेको छ ।

जापानिज इन्सेफ्लाइटिस र डेङ्गीको जोखिमलाई मध्यनजर गर्दै स्थानीय तहदेखि नै लामखुट्टे नियन्त्रण तथा डेङ्गीको रोकथामका लागि जनचेतना फैलाउने काम भइरहेको छ ।

'जापानिज इन्सेफलाइटिस तथा डेङ्गी रोग लागेका हाँस, कुखुरा जस्ता चराचुरुङ्गी र सुँगर-बङ्गुरजस्ता सङ्क्रमित जनावरलाई लामखुट्टेले टोकेर मानिसलाई टोकेमा सर्ने गर्दछ । एडिस एजिप्टी प्रजातिको लामखुट्टेले सङ्क्रमित व्यक्तिबाट स्वस्थ मानिसमा सङ्क्रमण फैलिन्छ ।'- निमित्त प्रमुख शर्माले भने ।

डाक्टर नुरुलहोदाले डेङ्गीका सामान्य लक्षण उच्च ज्वरो, टाउको दुखाइ, आँखाभन्दा पछाडि दुख्ने, स्नायु र मांसपेशी दुख्ने खाना नखाने जस्ता लक्षण देखिन्छ । समयमा उपचार नपाएपछि सङ्क्रमितको मृत्यु हुनसक्छ ।

'जापानिज सङ्क्रमण इन्सेफलाइटिस व्यक्तिको मस्तिष्कमा हुने क्युलेक्स प्रजातिको लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको गम्भीर रोग हो । यो रोग लागेपछि मस्तिष्क सुन्निने, पक्षघात हुने, रिङ्टा लाग्ने, बेहोस् हुने र मृत्युसमेत हुनसक्छ ।'- डाक्टर होदाले भने ।

# चिउरीको तेल पेल्न भ्याइनभ्याइ

घोराही । घोराही उपमहानरपालिका-१३ भिउँडरका स्थानीय कालु विकलाई आजभोलि चिउरीको तेल पेल्न भ्याइनभ्याइ भएको छ । नेपालीहरूको महान् पर्व दसैं-तिहार आउन थालेसँगै उहाँलाई चिउरी पेल्न भ्याइनभ्याइ भएको हो ।

दसैं र तिहारका लागि रोटी पकाउनेदेखि 'सिजन'मा चिउरीको तेल बिक्री गरेर दुई/चार पैसा कमाउनका लागि तेल पेल्न थालेको उनी बताउँछन् । उमेरले ५६ वर्ष पुगेका विकले यस वर्षदेखि चिउरी पेल्नका लागि आधुनिक कोलसमेत निर्माण गरेका छन् । त्यसका कारण आफूसँगै अन्य स्थानीयलाई समेत तेल पेल्न सहज भएको उनले बताए ।

"जङ्गलमा ठूला-ठूला रूख भएका कारण यस वर्ष धेरै चिउरी टिप्न सकेन, तर पनि एक सिजनमा रु एक लाख ५० हजार बढी आम्दानी हुन्छ", उनले भने-"चिउरीले गर्दा जीविकोपार्जनमा ठूलो भूमिका खेलेको छ ।" उनले यही तेलबाट दसैं र तिहारका लागि रोटी पकाउनाका साथै तेल बिक्री गर्ने र त्यहाँबाट आएको पैसाले अन्य सामान किनमेल गर्न सहज हुने बताए ।

उनले अहिले एक धार्नीलाई रु ८०० का दरले बिक्री गर्दै आएका छन् । अहिले आधुनिक कोलसमेत निर्माण गरेकाले विभिन्न ठाउँबाट तेल पेल्न आउने भएकाले झन् व्यस्तता बढेको उनको भनाइ छ । परम्परागत कोलमा पेल्दा जनशक्ति र समय धेरै लाग्ने गरेकामा हाल भने धेरै सजिलो भएको उनले जनाए ।

विकले अन्यबाट किलोको रु १० मा तेल पेलेबापत लिने गरेका छन् । उनले हाल दैनिक छ क्विन्टल चिउरीको तेल पेल्दै आएका छन् । उनले बिजुला कुट्ने मिल समेत आफैंले राखेका छन् । यसको तेल जैविक भएकाले स्वास्थ्यका लागि पनि फाइदाजनक रहेको उनी बताउँछन् ।

घोराही-१३ तुरुन्तपुरका रामकली घर्तीले पनि चाडपर्वका लागि चिउरीको तेल पेलिसकेकी छिन् । "विशेष गरेर दसैं, तिहारका लागि १५ धार्नी चिउरीको तेल जोहो गरेको छु, हरेक वर्षको सिजनमा चिउरीको बिजुला टिप्ने र पेल्ने गर्दै आएका छौं, स्वास्थ्यका लागि पनि निकै फाइदा जनक रहेकाले यसैको तेल मन पर्छ", घर्तीले भनिन्- "त्यसैले चाडपर्वमा रोटी बनाउनका लागि मात्रै भए पनि चिउरीको तेल पेलेर राखेका छौं ।"

घरका लागि पुऱ्याएर पनि केही तेल बिक्री गर्ने गरेको उनी बताउँछिन् । जङ्गल गएर फल टिप्नुपर्ने, घर ल्याएर कुटेर र कोलमा पेलेर तेल निकाल्दा मेहनत धेरै लाग्ने गरेको उनको भनाइ छ । स्थानीयस्तरमै आधुनिक कोल निर्माण भएसँगै यहाँ मौलाकोट, लापे, धानछरे, बगाले, डुम्बर गाउँलगायतबाट मानिस तेल पेल्न आउने गरेको उनको भनाइ छ ।

चिउरीको तेल स्वास्थ्यका लागि फाइदासँगै पकाएका रोटी बास्ना आउने भएकाले यहाँका अधिकांश स्थानीयले दसैं तथा तिहारका अवसरमा चिउरीको तेल पेल्ने गरेको घर्ती बताउँछिन् । "अन्य समयमा तोरीको तेलले काम चलाए पनि चाडपर्वमा चिउरीको तेल खाने गर्दछन्", उनले भनिन्-"जसले गर्दा आजभोलि कहिलेकाहीँ चिउरीको तेल पेल्नलाई समेत पालो कुर्नुपर्छ ।"

अधिकांश स्थानीयले चाडपर्वमा घरका लागि चिउरीको तेल पेल्ने गरे पनि ठूलो परिवार हुने र मेहनत गर्ने परिवारले चिउरीको तेल बेचेर राम्रो आम्दानी गर्ने गरेको उनी बताउँछिन् । घोराही-१३ भिउँडरका डल्ली विकले दसैं, तिहारसँगै वर्षदिनसम्म खान पुग्ने चिउरीको तेल जोहो गर्न थालेको बताइन् । घरमा पुगेपछि बिक्री पनि गर्ने गरेको उनले जनाइन् । पहिले परम्परागत कोलबाट तेल पेल्न समस्या भएको र हाल भने सहज भएको उनको भनाइ छ ।

"चिउरीको तेल उत्पादनका लागि मेहनत गर्नुपर्छ, तर मानिसहरू सुविधा खोज्छन्", उनले भनिन्-"जसले गर्दा घर नजिकै भएको जङ्गलका फलहरू खेर जान्छन्, आजभोलि आफ्नोसँगै साथीहरूको तेल पेल्नका लागि बिहान ५ बजेदेखि राति ९ बजेसम्म पनि भ्याउँदैन ।"

अर्का स्थानीय कृष्ण गुरुङले घोराही उप-महानगरपालिकाका पहाडी क्षेत्रका विभिन्न स्थानका स्थानीयले बर्सेनि जङ्गलबाट चिउरीको फल ल्याएर तेल पेल्ने गरेका छन् । उनका अनुसार चिउरी चैतको अन्तिमतिर फूल खेल्न थाल्छ । चैतमा फुलेर असारदेखि साउन महिनासम्म चिउरी पाक्ने गर्दछ । त्यसरी पाकेर खसेको फल टिप्ने, सफासँग धुने र सुकाउने गरिन्छ । त्यसपछि तेल पेल्नका लागि तयार गर्न फललाई धुलो बनाउन कुट्ने र नरम बनाउनका लागि आगोमा पकाउने गरिन्छ । आगोमा पकाएर नरम बनाएपछि त्यसलाई कोलमा हालेर पेलेर तेल निकाल्ने गरिएको उनको भनाइ छ ।


**वाणगंगा नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

-आफ्नो नगर एवम् सहर बजार वरपरको वातावरण सफा राखौं ।
-भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं ।
-स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं ।
- सेवा प्रवाहमा रहेको कमि कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं ।
- जन्म, मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गराउँ ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा गरौ ।
-फोहोरको उचित व्यवस्थापन गरौं ।
-कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं ।
-वातावरण जोगाउन वृक्षारोपण गरौं ।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
-रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा कालो बजारी गरेको थाहा पाए समयमा नै सम्बन्धित निकायमा सम्पर्क गरी निकायमा जानकारी गर्ने ।

**वाणगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
वाणगंगा-४, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

**नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

-भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं ।
-स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं ।
- सेवा प्रवाहमा रहेको कमि कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं ।
- जन्म, मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गराउँ ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा गरौ ।
-फोहोरको उचित व्यवस्थापन गरौं ।
-कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं ।
-वातावरण जोगाउन वृक्षारोपण गरौं ।
-अनावश्यक घर बाहिर भिडभाडमा बढी नजाने ।

**बुद्धभूमी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
हनुमानचोक, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
**सम्पूर्ण छपाईको लागि**
**सधै हामीलाई सम्झनुहोस !**
**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

**सम्पर्क:**
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
**न्यू कुमकुम ज्वेलर्स**
वि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com